# मण्डनदेउपुर नगरपालिका

**MANDANDEUPUR MUNICIPALITY**

नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

महादेवस्थान

**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्रसंख्या : २०७७।७८
चलानी नं. १५६५

मिति : २०७८।०३।०४

विषय : शिक्षकको छुट प्राविधिक ग्रेड सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालय तथा सरोकारवाला शिक्षकहरु
मण्डनदेउपुर नगरपालिका, काभ्रे ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं २०० मिति २०७८।०२।०९ को पत्रानुसार२०५७ साल आषाढ मसान्तसम्म तालिमप्राप्त गरी स्थायी भएका र प्राविधिक स्केल खाइपाइ आएका २०७३ साल श्रावण यता कार्यरत रहेका वा सेवा निवृत शिक्षकहरुको छुट प्राविधिक ग्रेड बापतको सुविधाका लागि तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

१. कार्यरत शिक्षकहरुले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिनुहुनः

क.हाल कार्यरत रहेको तहमा मिति २०५७।०४।०१ भन्दा अगाडि स्थायी नियुक्ति भएको प्रमाणपत्रको प्रतिलिपि,

ख. वि.सं २०५७।०४।०१ भन्दा अगाडि नै सम्बन्धित तहको लागि आवश्यक तालिम प्राप्त भएको प्रमाणपत्रको प्रतिलिपि,

२.मिति २०७३ साल श्रावण महिना यता सेवा निवृत शिक्षकहरुले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिनुहुनः

क.सेवा निवृत भएको तहमा मिति २०५७।०४।०१ भन्दा अगाडि नै स्थायी नियुक्ति पत्रको प्रतिलिपि ,

ख. मिति २०५७।०४।०१ भन्दा अघि नै सम्बन्धित तहको तहको लागि आवश्यक पर्ने तालिमको प्रमाणपत्रको प्रतिलिपि,

ग.अवकास पत्रको प्रमाणित प्रतिलिपि,

घ.निवृत्तिभरण अधिकार पत्रको प्रमाणपत्रको प्रतिलिपि ।

३. विद्यालयले देहाय बमोजिम गर्नु गराउनु हुनः

क.सम्बन्धित शिक्षकहरुबाट प्राप्त कागजातहरु रुजु र प्रमाणित गरी कार्यरत शिक्षकहरुको हकमा आर्थिक वर्ष २०७३।०७४ देखि २०७६।०७७ सम्मको प्रति महिना २ ग्रेड (एक दिनको तलब बराबरको एक ग्रेड हुने) बापतको रकम प्रस्ताव गरी निकासाको लागि माग फारम पेश गर्ने र आर्थिक वर्ष २०७७।०७८को हकमा छुट्टै माग फारमको साथमा निकासा माग गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

